# स्थानीय राजपत्र

मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या २ असोज १८ गते २०८१ साल

भाग-२

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

सूचना नं.-२

## मिर्चैया नगरपालिकाका कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्ययिताको साथै कर्मचारीहरुको मनोबल उच्च राखी सरल, सहज, र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सम्बन्धि मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०८० को दफा ४ को अधिकार प्रयोग गरि मिर्चैया नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०१/२१ गते बसेको बैठकले यो मापदण्ड स्वीकृत गरि जारी लागु गरिएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप नाम र प्रारम्भः-**

क.यो मापदण्डको नाम मिर्चैया नगरपालिकाको कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१ रहेकोछ ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा र व्याख्या

क. कर्मचारी" भन्नाले मिर्चैया नगरपालिका कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत प्राबिधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ ।

ख. कार्यालय" भन्नाले मिर्चैया नगरपालिका कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ

ग. अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

### परिच्छेद-२
### इन्धन सुविधा सम्बन्धी व्यवस्था

**३. ईन्धन सुविधाः**

क. सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयको कामकाजमा खटिइरहेका प्राविधिक तथा अप्राविधिक कर्मचारीलाई अनुसुची -१ बमोजिमको इन्धन सुविधा उपलब्ध गराउन सकिनेछ ।

ख. निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लु बुक र सवारी चालक अनुमति-पत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ । ब्लुबुक र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमति-पत्रको प्रतिलिपि पेश नगरेसम्म इन्धन वापतको सुविधा उपलब्ध गराइने छैन ।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राखुपर्नेछ ।

घ. मापदण्ड भन्दा वढी इन्धन आवश्यक भएमा कार्यालयको बिनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्टयाईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सक्नेछ ।

ङ. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

च. अनुसुची १ मा तोकिएको इन्धनः सुविधा पाउने कर्मचारीलाई १५ दिनभन्दा बढी समय विदामा बसेमा उक्त महिनामा गैर हाजिर रहेको दिनको अनुपातमा इन्धन सुविधा कटौती गरिनेछ । लगातार एक महिनाभन्दा बढी समय विदामा बस्नुपरेमा सो अवधीको इन्धन सुविधा उपलब्ध गराइनेछैन ।

ज. शसर्त अनुदान तथा कार्यक्रम अन्तर्गत कार्यरत रहेका कर्मचारीहरुले सम्बन्धित कार्यक्रम मार्फत इन्धन शिर्षकमा विनियोजित बजेटबाट यसै मापदण्ड बमोजिम इन्धन सुविधा उपलब्ध गराइनेछ ।

झ. तोकिएको कोटाको ईन्धन सुविधा प्रत्येक महिना भित्र बुझिलिनुपर्नेछ ।

ञ. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ ।

ट. इन्धन सम्बन्धि अभिलेख कार्यालयको जिन्सी शाखाले राख्नुपर्नेछ ।

ठ. श्रेणिविहिन कर्मचारीलाई कार्यालयको सूचना तथा चिठ्ठी-पत्रको सन्देश सम्प्रेषण गर्न तथा थप काम काजमा लगाउन परेमा निर्णय गर्ने अधिकारीले आवश्यकता अनुसार थप इन्धन उपलब्ध गराउन सक्नेछ।

ड. कार्यालयले इन्धन शिर्षकमा विनियोजन गरेको रकमले उल्लेखित मापदण्ड अनुसारको इन्धनको रकम अपुग भएमा वा वजेट कटौति भएको अवस्थामा अधिकार प्राप्त अधिकारीले उल्लेखित मापदण्ड बमोजिमको सुविधा कटौति वा स्थगित गर्न बाधा गर्ने छैन ।

## परिच्छेद-३
## संशोधन, खारेजी र बचाउ

**४. संशोधन, खारेजी र बचाउ**

क. यस मापदण्डमा भएको व्यवस्था आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

ख. यस अघि कार्यालयले उपलब्ध गराएको इन्धन तथा मर्मत खर्च समेत यसै बमोजिम भए/गरेको मानिनेछ ।

## अनुसूची-१

**(नियम ३ को उपनियम (क) संग सम्बन्धित)**

**कर्मचारीहरुको लागि मासिक इन्धन सुविधा**

| सि.नं | तह/पद/जिम्मेवारी | परिमाण (मासिक) | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | आबश्यकतानुशार | |
| २. | शाखा प्रमुख ( अधिकृतस्तर ) | पेट्रोल १० लिटर सम्म | |
| ३. | अन्य अधिकृत स्तरका कर्मचारी/उपशाखा / ईकाइ प्रमुख | पेट्रोल १० लिटर सम्म | |
| ४. | नियमित फिल्डमा खटिने कर्मचारी | पेट्रोल १० लिटर सम्म | |
| ५. | सहायक स्तर अन्य कर्मचारी | पेट्रोल ६ लिटर सम्म | |
| ६. | ह.स.चा./कार्यालय सहयोगी तथा अन्य कर्मचारी | पेट्रोल ५ लिटर सम्म | |

तर,

१. सरकारी नम्बर प्लेटका साना तथा ठूला सवारी साधनहरुलाई लगबुक राखि आवश्यकता अनुसार इन्धन उपलब्ध गराउन बाधा पर्नेछैन ।

२. उपशाखा प्रमुख अधिकृतस्तरको कर्मचारी भएमा शाखा प्रमुख सरह इन्धन उपलब्ध गराइनेछ ।

३. लामो कार्यालय विदा परेको वा विदा बसेको समयमा तोकिएको बमोजिमको मात्रामा इन्धन सुविधामा कटौती गर्न कार्यालयलाई बाधा पर्ने छैन ।

४. फिल्डमा खटाइने/कार्यालय समयभन्दा वढी समय कामकाज गर्नुपर्ने ह.स.चा./कार्यालय सहयोगी लगायतका अन्य कर्मचारीहरुलाई आवश्यकताको आधारमा अनुसूची-१ बमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछ ।

आज्ञाले,
बिष्णु रंजन बराल
प्रमुख प्रशासकीय अधिकृत